Economic National Daily
आर्थिक
राष्ट्रिय दैनिक
Aarthik Dainik Pvt.Ltd.

◆ वर्ष १४ ◆ अङ्क ४१०८ ◆ २०८० असोज ५ गते शुक्रबार ◆ने.सं. ११४३ ◆ पृष्ठ ८ ◆ Friday, September 22, 2(

# शिक्षक महासंघको आन्दोलन पेसागत सुरक्षा कि ‘सिन्डिकेट’ ?

■ आर्थिक संवाददाता
काठमाडौं, असोज ४

बुधबार र बिहीबार राजधानीको माइतीघरदेखि नयाँबानेश्वरसम्मको सडकमा शिक्षकको आन्दोलनले यातायात ठप्प बनायो । बुधबार संविधान दिवसमा सार्वजनिक बिदा भएका कारण विद्यालय मात्र होइन अन्य सरकारी कार्यालय पनि बन्द थिए तर बिहीबार भने सार्वजनिक बिदा नभए पनि शिक्षक आन्दोलनमा आएको कारण देशभरका सामुदायिक विद्यालय बन्द भए ।

सरकारले विद्यालय शिक्षा ऐनको मस्यौदा संघीय संसद्मा दर्ता गरेपछि सबै शिक्षक संघ/संगठनहरु आफ्नो साझा संगठन नेपाल शिक्षक महासंघको नेतृत्वमा आन्दोलनमा उत्रिएका हुन् । उनीहरूले उक्त विधेयकमा असहमति जनाउँदै मागहरु राखेर बुधबारदेखि घोषितरूपमै काठमाडौंमा आन्दोलन गरेका हुन् । उनीहरूले उक्त विधेयक पास भएमा शिक्षकहरूको पेसागत हकहित र अधिकार खोसिने जिकिर गरेका छन् ।

संविधानले दिएको अधिकारअनुसार पेसागत सुरक्षाको माग गरेर विधि र प्रक्रियाभित्र रहेर आन्दोलन गर्नु स्वाभाविक हो । तर, अन्यायपूर्ण बुँदा संशोधन वा हटाउने नाममा दबाब दिएर खुला प्रतिस्पर्धाबाट शिक्षक/विद्यालय कर्मचारी विद्यालयमा प्रवेश गर्न क्रमशः वञ्चित गराउने विषयलाई सहजरूपमा भने लिन सकिँदैन । आफ्नो पेसागत अधिकार स्थापनाको नाममा अरूलाई उक्त पेसामा वर्षौंसम्म प्रवेश नै गर्न नदिने गरी भएको आन्दोलन भने गुणस्तरीय शिक्षाको मर्मविपरीत नै हो ।



सडक किनाराको वगैचामा बसेका आन्दोलनकारी शिक्षकहरू । आन्दोलनले फूल, बोटविरूवामा क्षति पुगेको छ ।
तस्बिर : मेयर बालेन्द्र साहको वालबाट ।

जसले जे भने पनि अधिकांश विद्यालयमा करारमा शिक्षक भर्ना राजनीतिक आस्थाका आधारमा भएका छन् । अर्थात् कुनै राजनीतिक दलको सदस्यता छैन भने योग्यहरु पनि करारमा भर्ना भएका छैनन् । राजनीतिक आस्थाको आधारमा योग्य नभए पनि 'टीकेप्रथा'बाट विद्यालयमा प्रवेश पाउनेहरूलाई स्वतः स्थायी गराउनुपर्नेजस्ता शिक्षकहरूको मागमा शिक्षाविद्हरु भने सहमत छैनन् ।

'स्वतः वा अत्यन्त सीमित प्रतिस्पर्धाबाट शिक्षक स्थायी गराउनैपर्छ भन्ने माग गुणस्तरीय शिक्षाविपरीत छ', एक शिक्षाविद्ले आर्थिक दैनिकसित भने, 'नेपालमा विद्यालय वा क्याम्पसको शिक्षाको गुणस्तर खस्कनुका विभिन्न कारणमध्ये एक कारण खुला प्रतिस्पर्धाबाट शिक्षक छनौट गर्न राजनीतिक दल र तिनका भ्रातृसंस्थाहरु बाधक बन्नु हो । खुला प्रतिस्पर्धाबाट शिक्षक छनौट नभएसम्म गुणस्तरीय शिक्षाको पहिलो खुड्किलो नै पार गर्न मुश्किल पर्छ ।' बिहीबार राजधानीमा भएको एक कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइरालाले पनि विभिन्न बहानामा विद्यालय प्रवेश गरेका केही शिक्षकलाई स्वतः स्थायी गराउनुपर्छ भन्ने शिक्षक महासंघको माग जायज नभएको भन्दै त्यसले गुणस्तर घटाउने दाबी गरे ।

संविधान दिवसको दिन पारेर शिक्षकहरूले सुरू गरेको काठमाडौंकेन्द्रित सडक आन्दोलनले उनीहरूको पेसागत अधिकारलाई सुरक्षित गराउने विषयलाई नाजायज भन्न नसकिए पनि विद्यालयमा शिक्षक र कर्मचारीको रूपमा प्रवेश गर्न प्रतिस्पर्धालाई वर्षौं पछि धकेल्ने खालका मागहरूले भने अराजकता निम्त्याउने काठमाडौं महानगरपालिकाका एक कर्मचारीले बताए । 'विनाप्रतिस्पर्धा अयोग्यलाई पनि स्थायी गरिनुपर्छ भन्ने माग जायज छैन', उनले भने ।

शिक्षकहरु पेसागत सुरक्षा र अधिकार रक्षाका लागि सडक आन्दोलनमा आएपछि सरकारले राज्यलाई आर्थिक भार नपर्ने गरी उनीहरूका माग पूरा गरिदिनुपर्छ भने खुला प्रतिस्पर्धालाई अझै फराकिलो बनाउने गरी सम्झौता गर्नुपर्छ । खुला प्रतिस्पर्धालाई रोक्ने गरी योग्यहरूलाई जबरजस्ती बाहिर राख्ने र उनीहरूलाई बाध्य पारेर रोजगारीका लागि विदेश धकेल्ने काम भयो भने त्यसले समाजमा झन् ठूलो विकराल रूप लिन सक्छ । त्यसमा सरकारमा बसेर वार्ता गर्नेहरूले सोच्नु पर्छ । शिक्षकहरूले पनि आफ्नो अधिकारको कुरा गर्दा उसको समाज र राष्ट्रप्रतिको जिम्मेवारी पनि बिर्सनु कदापि हुँदैन । उनीहरूको पेसागत सुरक्षा हुनैपर्छ । तर, योग्यहरूलाई छिर्नै नदिने, राज्यको आम्दानीले थेग्नै नसक्ने सुविधा दिनुपर्छ भन्ने मागमा भने कुनै पनि वर्ग सहमत हुन सक्तैन । शिक्षकहरूले आफ्ना माग पूरा गर्नका लागि अभिभावक, विद्यार्थी, विभिन्न पेसाकर्मीसँग सहयोगको माग गरेका छन् । तर, सहयोग लिनका लागि प्रतिस्पर्धालाई सीमित गर्ने, राज्यले थेग्नै नसक्ने आर्थिक भार बोकाउने, संविधानविपरीतका माग राख्ने हो भने त्यसमा उनीहरूले पर्याप्त सहयोग नपाउन सक्तछन् । सरकार र शिक्षक महासंघबीच बिहीबार साँझ पनि वार्ता भयो । तर, सहमति हुन सकेन । शुक्रबार फेरि वार्ता गर्ने भनिएको छ । यो वार्तामा शिक्षकलाई मर्का परेको गाँठो सरकारले फुकाइदिनुपर्छ भने शिक्षकहरूले सिन्डिकेट लागू गर्ने, संविधानले दिएको एकल अधिकार स्थानीय तहले कार्यान्वयन गर्न नपाउने, आर्थिकरूपमा राज्यलाई थेग्नै नसक्ने भार बोकाउनेजस्ता आलोचित माग छाड्नुपर्छ ।

अहिलेको विश्व प्रतिस्पर्धाको हो । त्यसमा पनि शिक्षामा प्रतिस्पर्धा नै हुनुपर्छ । अर्थात् गुणस्तरीय शिक्षा दिने

➤ बाँकी पृष्ठ २ मा

## सेयर कर्जामा १२ करोडको सीमा हट्ने हल्लाले बढ्यो बजार

## ‘अर्थतन्त्र सुधार्न अप्ठ्यारा हटाउँदै गएका छौं’

## बीमा

■ सुरेश राउत
काठमाडौं, असोज

बीमा क्षेत्रमा प्र
पाउनेहरूको संख्या
देखिएको छ । बीमा
वित्तीयरूपमा सबल
बनाउने भन्दै नियम
निकाय नेपाल बीमा
निर्देशनअनुसार पछि
आधा दर्जनभन्दा ब
कम्पनीहरु मर्जर त
सामेल भई एकीकृत
गरेपछि बीमा क्षेत्रमा
रोजगारीको संख्या
गएको हो ।

प्राधिकरणकै
आईएमई इन्स्योरेन्स
प्रुडेन्सीयल इन्स्योरे
गाभिएर आईएमई
इन्स्योरेन्स कम्पनी,
र अजोड इन्स्योरेन्
युनाइटेड अजोड इ
कम्पनी, हिमालयन
इन्स्योरेन्स कम्पनी
हिमालयन एभरेष्ट

## विदे
## उद्यम

■ आर्थिक संवाद
काठमाडौं, असोज

सरकारले वैदे
रोजगारीबाट फर्केका
वैदेशिक रोजगारीको
आर्जन गरेको पुँजी,
प्रविधि र अनुभवबाट
नै उद्यमशीलताको
तथा सीपको प्रवर्द्धन
गराई सामाजिक त
पुनः एकीकरण का
झण्डै १४ करोड रू
गरेको छ । गत आ
२०७९/८० मा सरक
रोजगारीबाट फर्केका
दुई सय ६० जना
पुनः एकीकरण का
सञ्चालन गरी १३
लाख ९० हजार रू
गरेको पाइएको छ
८१ वटा पालिकामा

देवताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ, बारा, मधेश प्रदेश, नेपाल

(स्वास्थ्य शाखा)

## औषधी खरीद सम्बन्धि सूचना

पहिलो पटक प्रकाशित मिति २०८०/०६/०५

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित औषधी सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७९/०८० सम्मको कर चुक्ता गरेको, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी सहित नियमानुसार को वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) यस कार्यालयको नाममा सिद्धांथ बैंक लि. पिप्राढी गोठ शाखामा रहेको आन्तरिक राजश्व खाता खाता नं.००२१५७४०१५६ मा जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गरेपछी नियमानुसार बोलपत्रफारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नाममा सिद्धांथ बैंक लि. पिप्राढी गोठ शाखामा यस कार्यालयको धरौटी खाता र खाता नं. ००२१५३६९६६० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकवाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) बजेटको स्थिति अनुसार खरिद गरिने औषधीहरुको परिणाम थपघट हुन सक्नेछ ।

८) बोलपत्र दाताले आफ्नो फर्म कालो सुचीमा परेको छैन भनी फर्मको नामबाट स्वयम घोषणा गरेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र आफुले बोलपत्रमा उल्लेख गरेको औषधीहरुको नमुना शिलबन्दी गरी बोलपत्र दाखिला गर्दा सो समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९) बोलपत्र फारममा खरिद गरिने प्रत्येक औषधीको आइटमवाईज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नु पर्नेछ । यसरी उत्पादक कम्पनीको नाम उल्लेख नगरी पेश गर्ने फर्मको बोलपत्र मान्य हुने छैन

१०) बोलपत्र दाताले आफुले सप्लाई गर्नु पर्ने औषधीहरु कार्यालयमा सप्लाई गर्दा कार्यालयले गठन गरेको समितिको निरिक्षण तथा मुल्यांकन गराई सकेपछि मात्र स्टोर दाखिला गरिनेछ ।

११) स्वीकृत बोलपत्र दाताले मुल्य अंकित औषधीमा बढि दररेट राख्ने पाउने छैन । स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यक्ता अनुसार फरक फरक अर्डर दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधीको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तिमा १८ महिनाको बाँकी भएको हुनु पर्नेछ । औषधीको म्याद १८ महिना भन्दा कम हुने औषधीको हकमा Expiry date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सक्नेछ ।

१२) आपुर्ति हुने सम्पुर्ण औषधीहरु WHO GMP Certified Company बाट उत्पादित भएको हुनु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीबाट उत्पादित औषधी आपुर्ति गर्नुपर्ने भएमा उक्त कम्पनीहरुको WHO/GMP सर्टिफिकेट अनिवार्य रुपमा बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१३) सप्लाई हुने औषधीको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry date, ब्याच नम्बर तथा Supply For Ministry of Health and Population Nepal वा "नेपाल सरकारबाट निशुल्क वितरणको लागि" भनी स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्नेछ ।

१४) कुनै कारण देखाई वा नदेखाई, पूर्ण वा आशिंक रुपमा प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१५) यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावलि, २०६४ तथा नेपाल सरकारको अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

१६) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१७) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टासँ गरिनेछ ।

१८) बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र / ठेक्का नं. | कामको विवरण | इस्टिमेटेट रकम रू. | बोलपत्र फारम दस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०८०/८१ (स्वास्थ्य) | निशुल्क वितरणको लागि औषधी खरिद | रु. २२,६८,४१५।०० | रु. ३,०००।०० | रु. ५७,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**